मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

२६ Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २६ ◆ अङ्क : ४६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ पुस १८ गते शनिवार (Saturday, January 2. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

‘अतीत र वर्तमान’ नियाल्दाः पृष्ठ २

अतीत र वर्तमान
राम आचार्य

## ८३ परिवारलाई सिरक

**झापा, पुस १३।** लायन्स क्लब अफ सुरुङ्गाले सहारा नेपालको सहयोगमा ल्याइएको सिरक समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत झापा गाउँपालिका-१ मिलनवस्तीका ८३ घर परिवारलाई वितरण गरेको छ।

जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय झापाको सहकार्यमा शुक्रवार उनीहरुलाई सिरक वितरण गरिएको हो। कनकाई नदीको किनारमा बर्षौदेखि बसोबास गर्दै आएका उनीहरु जाडोभर मुडा र पराल बालेर रात बिताउँदै आएका छन्। बिहानैदेखि बालबच्चासहित उपस्थित भएका सन्थाल परिवार न्यायो फाइबरको सिरक पाएपछि दंग परे।

जिल्लाकै विकट स्थानमध्ये यो वस्ती पनि रहेको गाउँपालिकाका अध्यक्ष जयनारायण साहले बताएका छन्। उनका अनुसार बर्षामा कन्काई नदीको बाढी र हिउँदमा जाडोका कारण यी समुदायको जीवन कष्टकर हुने गरेको छ। यो वस्तीमा अतिगरीब र विपन्न सन्थाल समुदायका ८३ घर परिवारको मात्र बसोबास रहेको छ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिना र प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले प्रहरीले समाजमा विकृति विसंगति रोक्न, शान्ति र अमनचयन कायम राख्दै विपदमा परेकाहरुलाई समुदायसँग मिलेर सहयोग पनि गर्दै आइरहेको बताए। समुदाय प्रहरी साझेदारी अन्तर्गत समाजमा जनचेतनामूलक कार्यक्रमसँगै आपतविपदमा परेकालाई समुदायसँगै मिलेर विगतदेखि यसरी सहयोग गर्दै आएको उनीहरुले कार्यक्रम जानकारी दिएका थिए।

*(बाँकी अन्तिम पृष्ठमा)*

## प्रतिबन्धित भारतीय रुपैयाँसहित पक्राउ

**मोरङ, पुस १७।** विराटनगर महानगरपालिका-१७ मटेरुवा बोर्डरबाट अवैध भारतीय रुपैयाँसहित सुजितकुमारलाई प्रहरीले पक्राउ गरेको छ।

उनलाई ५ सय दरका १ सय ४ थान गरी जम्मा ५२ हजार प्रतिबन्धित भारतीय नोटसहित प्रक्राउ गरेको प्रहरीले जनाएको छ। भारतको अररिया गिदवास बस्ने २५ वर्षीय सुजित कुमारलाई प्रहरीले पक्राउ गरेको हो। अस्थाई प्रहरी चौकी मटेरुवाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका सुजितलाई उक्त प्रतिवन्धित नोटसहित फेला पारी पक्राउ गरेको हो।

### झापाका मुख्य दलहरुको जोड

# समस्या तत्काल हल गर

**नरेन्द्र ढकाल**

तस्वीर : लक्ष्मी सिटौला

**बिर्तामोड, पुस १७।** मुलुकको पछिल्लो राजनीतिक घटनाक्रमबाट उत्पन्न समस्यालाई दलहरुले आपसी छलफलद्वारा तत्काल समझदारीमा हल गर्नुपर्नेमा झापाका प्रमुख राजनीतिक दलहरुले जोड दिएका छन्।

बिर्तामोडमा शुक्रबार संवाद समूहले आयोजना गरेको कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका सभापति उद्धव थापाले वर्तमान प्रणाली गलत नभएको तर सञ्चालन गर्ने व्यक्तिले आफूखुशी निर्णय गर्दा वर्तमान उपलब्धी गुम्ने खतरा बढेको बताए। राजनीतिक दलको झगडा नभई उत्तर र दक्षिणी दुई छिमेकी राष्ट्रको लडाईंका कारण समस्या सृजना भएको उनको भनाइ छ।

वर्तमान सरकारले प्रतिनिधिसभा विघटन गरेर विदेशीलाई चलखेल गर्ने बाटो बनाएको भन्दै उनले भने- ‘यो लडाइँबाट अन्तर्राष्ट्रिय मुलुकले नेपाललाई खेल मैदान बनाउँदैछन्।’ वर्तमान सरकारले निर्वाचनको घोषणा गरे पनि अन्य दलले निर्वाचनको माग नगरेको उनले बताए। यदि तोकिएको समयमा निर्वाचन नभएमा त्यो मुलुकका लागि खतरा हुने, यस्तै अवस्था रहेमा राजसंस्था फर्कन सक्ने संकेत गर्दै सभापति थापाले सबैले मिलेर लोकतन्त्रलाई बचाउनुपर्ने विचार व्यक्त गरे।

नेकपा झापाका सचिव मणिकुमार साम्पाङ्ग बिजयले अहिले मुलुकमा राष्ट्रिय संकट उत्पन्न भएको बताएका छन्। प्रतिगमनकारीहरुले प्रतिनिधिसभा विघटन गरेको आरोप लगाउँदै सचिव साम्पाङ्गले यो व्यवस्थाबिरुद्ध वर्तमान सरकार लागेको बताए। उनले जनताको त्याग र बलिदानबाट प्राप्त उपलब्धि गुम्ने खतरा भएको भन्दै देशभक्त पार्टीहरु एकजुट हुनुपर्ने विचार व्यक्त गरे। संविधानले छुट नदिएको विषयमा वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारले आफ्ना निर्णयहरु लाद्ने काम गरिरहेकाले प्राप्त उपलब्धी गुम्ने खतरा बढेको धारणा व्यक्त गरे। नेपालमा विदेशी चलखेल बढेकाले संविधान विघटन गरेर निरंकुशता लाद्नेतर्फ वर्तमान सरकार अघि बढिरहेको सचिव साम्पाङ्गले आरोप लगाए। उनले भने- ‘नेपालमा एमसीसी पास गर्ने रणनीति हुँदैछ, अमेरिकन नागरिकलाई छ महिनासम्मका लागि भिसाको म्याद थपिएको छ। यहाँबाट उनीहरुले जासुसी गरिररहेका छन्।’ नेपालबाट विदेशी मुलुकले चीनबिरुद्धको घेराबन्दी गर्ने रणनीति अनुरुप नेपालमा अस्थिरता मच्चाएको उनको आरोप छ। नेकपा फुटको चरणमा पुग्नु विदेशी चलखेल भएको भन्दै उनले अन्य जिल्लामा कार्यकर्ताबीच मुठभेडको अवस्था भए पनि झापामा भने संवाद र सहमतिबाटै सम्पत्ति तथा अन्य कुराको बाँडफाँड गरिने बताए।

जनता समाजवादी पार्टी अध्यक्ष अनुतसिंह राजवंशीले वर्तमान सरकारले मुलुकमा अस्थिरता मच्चाएको आरोप लगाए। प्रधानमन्त्रीको निर्णयलाई राष्ट्रपतिले तत्काल सदर गरेर गल्ती गरेको उनको भनाइ छ। कोरोनाका कारण मुलुक अस्तव्यस्त भइरहेका बेला चुनाव गर्ने कुराले मुलुक धान्न नसक्ने उनको विचार थियो। राष्ट्रिय सहमतिको सरकार बनाउनुपर्ने भन्दै अध्यक्ष राजवंशीले चुनावको खर्च देश विकासमा लगाउन आग्रह गरे। वर्तमान ओली नेतृत्वको सरकारले चुनाव गराउनै नसक्ने उनले दावी गरे।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सचिव केशव ओझाले वर्तमान प्रणाली नै गलत भएको धारणा व्यक्त गरे। उनले राजासहितको प्रजातन्त्र आवश्यक भएको भन्दै राष्ट्रपतीय पद्धति नै गलत भएकाले यो अवस्था सृजना भएको धारणा राखे। प्रतिनिधिसभा विघटन सम्बन्धी विषयमा अदालतले गरेको निर्णय आफूहरुलाई मान्य हुने भन्दै सचिव ओझाले अदालतको फैसला तत्काल हुनुपर्ने बताए। उनले नेकपाका दुई समूहका नेताहरुलाई सामाजिक सञ्जालमा प्रयोग भएका भाषाका विषयमा ध्यान दिन आग्रह गरे। ताजा जनादेशका लागि चुनावमा जानुपर्ने अवस्था आए राष्ट्रिय प्रजातन्त्र पार्टी तयार रहेको उनको भनाइ छ। वर्तमान सरकारले निष्पक्ष रुपमा चुनाव गराउन नसक्ने भन्दै त्यसका लागि स्वतन्त्र सरकार गठन गर्नुपर्ने उनको माग थियो।

त्यस्तै नेपाली कांग्रेसका नेता देउकुमार थेवेले संसद विघटन गर्नु संविधान विपरीत रहेको विचार व्यक्त गरे। प्रधानमन्त्रीको गल्तीमा राष्ट्रपतिले समेत विवेक प्रयोग गर्न नसक्नु मुलुकका लागि दुर्भाग्य र हाँस्यास्पद घटना भएको उनको भनाइ छ। नेकपाका नेताहरुको विवादका कारण प्रतिपक्षलाई नै अप्ठ्यारो लागेको बताउँदै वर्तमान सरकार काम चलाउ भइसकेको उनको भनाइ छ। अदालतलाई आफ्नो पावर प्रयोग गरेर प्रभावमा नपार्न आग्रह गर्दै उनले वर्तमान समस्याको समाधान मिलेर गर्न सुझाव समेत दिए।

नेकपा सचिवालय सदस्य शिव ढुंगेलले संविधान कार्यान्वयनकै चरणमा रहेकाले केही समस्या आए त्यसलाई छलफल र संवादको माध्यमबाट टुंग्याउनुपर्ने धारणा व्यक्त गरे। उनले वर्तमान अवस्थामा साना-तिना समस्या आउनु स्वभाविक भएको भन्दै कमी-कमजोरीलाई सच्याउँदै लैजानुपर्नेमा जोड दिए। अदालतमा विचाराधीन रहेको मुद्दामा धारणा नबनाउने भन्दै उनले अहिले नेकपाभित्रकै विवादका कारण यो संकटको सृजना भएको स्वीकार गरे। राजनीतिक दलको किचलोका कारण समस्या आएकाले यसलाई संवाद र सहमतिका आधारमा टुंग्याउनुपर्नेमा उनले जोड दिए। पार्टी एकता हठातमा भएको भन्दै उनले भने यो समस्या केन्द्रमा आयो, त्यसको प्रभाव अहिले सबैतिर छाएको छ। एकता र विभाजन सामान्य भएको भन्दै औपचारिक रुपमा घोषणा नभए पनि नेकपा दुई चिराको अवस्थामा पुगेको उनको भनाइ छ।

जनता समाजवादी पार्टीकी उपाध्यक्ष संगीता रौनियारले प्रधानमन्त्रीको कदम असंवैधानिक भएको धारणा व्यक्त गरिन्। बहुमत प्राप्त सरकारले आन्तरिक विवादका कारण प्रतिनिधिसभा विघटन गर्नु दुर्भाग्य भएको उनको भनाइ थियो। उनले यो सरकारले संघीयता नै धरापमा पार्ने काम गरेको भन्दै तत्काल सच्याउन माग गरिन्। संविधानमै नभएको काम प्रधानमन्त्रीले गरेको र उनलाई राष्ट्रपतिले सहयोग

*(बाँकी अन्तिम पृष्ठमा)*

## पूर्वाञ्चलद्वारा २६००० क्यान्सरका विरामीलाई सेवा

**बिर्तामोड, पुस १७।** बिर्तामोडमा रहेको पूर्वाञ्चल क्यान्सर अस्पतालबाट एक वर्षको अवधिमा २६ हजार क्यान्सरका विरामीले ओपीडी सेवा लिएका छन्।

सन् २०२०को शुरुवातसँगै अस्पतालले आफ्नो सेवा शुरु गरेको थियो। प्रदेश नं. १का क्यान्सरका बिरामीलाई लक्षित गरी सञ्चालनमा आएको अस्पतालले शुक्रबार पत्रकार सम्मेलन गर्दै वर्षभरि गरेका सेवाको बारेमा जानकारी गराएको हो। क्यान्सरका विरामी दिनप्रतिदिन बढिरहेका बेला झापामै अत्याधुनिक, सुविधासम्पन्न अस्पताल सञ्चालनमा ल्याएको पूर्वाञ्चल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक दुर्गा प्रसाईंले बताए। बीएण्डसी टिचिङ् अस्पतालको भगिनी संस्थाको रूपमा सञ्चालनमा ल्याइएको बताउँदै उनले पूर्वाञ्चल क्यान्सर अस्पताल दक्षिण पूर्वी एशियाकै नमूना भएको दाबी गरे।

क्यान्सर पीडितले उपचारका लागि भारतका विभिन्न शहर पुग्नुपरेको र धेरै खर्च लाग्ने भएकाले सहज सेवा दिन नेपालमै अस्पताल सञ्चालनमा ल्याएको बताउँदै प्रसाईंले अब क्यान्सरका बिरामीले उपचार गर्न नपाएर मर्नुपर्ने दिन नआउने बताए।

अस्पताल तीन सय शैय्या क्षमता भएको र तीन हजार जनालाई रोजगारी दिएको बताउँदै प्रसाईंले उनीहरुलाई बार्षिक १० करोड रुपैयाँ तलब भुक्तानी गर्ने गरेको जनाए। आफू आवद्ध कम्पनीहरुबाट १० अर्ब रुपैयाँ सरकारलाई कर तिरेको बताउँदै कार्यकारी निर्देशक प्रसाईंले सरकारले पनि यस अस्पताललाई सहयोग गर्नुपर्ने बताए।

कार्यक्रममा पूर्वाञ्चल क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर डा. वीरेन्द्र यादवले एक बर्षको अवधिमा अस्पतालले दुई हजार सात सय जना नयाँ क्यान्सरका बिरामीलाई सेवा दिएको जानकारी दिए। उनले यस अवधिमा चार सय १३ जनाले रेडिएसन, पाँच सय २५ जनाले सर्जरी सेवा लिएको जानकारी दिए। अस्पतालले नयाँ प्रविधिको मेसिन ‘टु बिम लिनियर एक्सेलेरेटर’ मार्फत क्यान्सरका बिरामीलाई एक मिनेटमै रेडिएसन दिनसक्ने प्रविधि, क्यान्सरको अवस्था जाँचका लागि ‘पेट सिटी स्क्यान’ मेसिनबाट सेवा दिइरहेको बताउँदै मेडिकल डाइरेक्टर डा. यादवले अब एशियामा नै नभएको साइबर नाइफ अत्याधुनिक रेडियो सर्जरी प्रविधि भित्र्याउन लागेको जानकारी दिए।

अस्पतालकी अध्यक्ष इन्दिरा गिरीको शुभकामना बाचन गरिएको कार्यक्रममा बीएण्डसी टिचिङ अस्पतालका मेडिकल डाइरेक्टर डा. निराजन पराजुली, डा. उमेश शर्मा, पत्रकार मोहन काजी लगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन अस्पतालका जनसम्पर्क अधिकृत प्रमिश गिरीले गरेका थिए।

## फेमिनाको धन्दा: बिहे गर्ने, बिदेश पठाउने भन्दै करोडौं ठगी



**झापा, पुस १७।** फेमिना भने फरार छिन्। उनी कहाँ छिन् दुबै परिवारलाई केही थाह छैन। सायद् फेसबुकबाटै अर्को मूर्गा फसाउने योजनाको तानाबुना बुन्दैछिन् ....!!’

२०७३ कात्तिक ११ गते पहिलोपोस्टमा ‘फेसबुककी फेमिनाः सुन्दर अनुहारको आवरणमा फिल्मीशैलीको अपराध’ शीर्षकको समचार भाइरल भएको थियो। माथिको अंश त्यही समाचारको अन्तिम हरफ थियो।

यो अन्तिम हरफ अहिले प्रमाणित भएको छ। त्यसरी फरार भएकी फेमिना अर्थात विद्या ‘सरकार’ शर्मा पक्राउ परेकी छिन्- फेरि अर्को अपराधमा। उमेर २४ वर्ष। तर, अपराध गतिविधिमा भने पोख्त भइसकेकी। २० वर्ष नटेक्दै उनले धेरैलाई ‘बेकुफ’ बनाएर ठगी गरिसकेकी थिइन्। कसैलाई बिहे गरेर त कसैलाई विदेश लैजाने भन्दै ठगेर हिँड्ने गरेकी छिन्- उनले। कलिलो उमेरदेखि नै अपराधिक गतिविधिमा संलग्न यी युवती अहिले प्रहरीको फन्दामा परेकी हुन्। महानगरीय प्रहरी परिसर काठमाडौंको टोलीले उनलाई नियन्त्रणमा लिएको हो। पुस ६ गते एक महिलामाथि अभद्र व्यवहार गरेको आरोपमा उजुरी दिएपछि प्रहरीले उनलाई पक्रेको थियो।

अभद्र व्यवहारमा पक्रे पनि अहिले उनीमाथि अन्य ठगीका उजुरी आउने क्रम बढेको छ। विदेश पठाइदिने भन्दै ठगीको उजुरी धेरै आएका छन्। ‘हामीले अभद्र व्यवहार गरेको अभियोगमा नियन्त्रणा लिएका हौं। तर, अहिले विदेश पठाइदिने भन्दै लाखौं रकम ठगेको उजुरी लिएर पीडितहरु आउनु भएको छ’- परिसरका डीएसपी नरेन्द्र चन्दले भने।

उनले चार वर्षअघि दुई युवकसँग बिहे गरेर मोटो रकम ठगी गरेकी थिइन्। महानगरीय अपराध अनुसन्धान महाशाखामा पीडित परिवारले उजुरी समेत दिएका थिए। उनले सबै प्रक्रिया मिलाएर बिहे गरेको भएकाले प्रहरीले त्यतिखेर तत्काल नियन्त्रणमा लिन सकेको थिएन।

त्यसपछि पनि उनको अपराध यात्रा रोकिएन। देशका विभिन्न जिल्ला पुगेर उनले ठगी गरेको प्रहरी अनुसन्धानमा

*(बाँकी अन्तिम पृष्ठमा)*

## वेसहाराको सहारा: लायन्स केर्खा

**उमानाथ भण्डारी**

**कमल, पुस १७।** दैव पनि कति निष्ठुरी, आखिर यी बालकले के बिराएका थिए र यतिसाह्रो दुःख दिएको! जन्मिएर राम्रोसँग संसार चिन्न नपाउँदै बुबाको मृत्यु हुनु र आमाले पनि दोश्रो विवाह गरे पछि बिचल्लीमा परेका छन्- यी बालक।

कमल-५ निवासी प्रेमबहादुर राई र चन्द्रकला राई आफ्ना २ छोरी र २ छोराका साथमा खुशी साथ दिन बिताइरहेका थिए। अचानक २०६० सालमा श्रीमान प्रेमवहादुरको मृत्यु भएपछि यो परिवारमा

*(बाँकी अन्तिम पृष्ठमा)*

आज-भोलिका आन्तरिक हवाईयात्रा: पृष्ठ २मा

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

काठमाडौंका डाक्टरबाट निःशुल्क स्वास्थ्य जाँच, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस

पुस १९ गते आइतवार। सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

डाक्टर आउने बारेको सूचना

डा. अन्जल बिष्ट
M.B.B.S.M.D. (Internal Medicine)(NAMS)
Fellowship in clinical immunology and Rheumatology (GRIPMER New Delhi)
EULAR Course in Rheumatic Disease(Zurich,Switzerland)
बाथ रोग बिशेषज्ञ
NMC-8013

वीर अस्पताल काठमाडौंबाट आउनुभएको डाक्टरको सेवा आज पुस १८ गते २ बजेसम्म।

प्रान्जल फार्मेसी, बिर्तामोड-४ (अन्धुवा पुल उत्तर), झापा
फोन नं. ०२३-५४४८२२, ९८४२६५४३२५

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ।

सातौं बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इन्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इन्जिन मर्मत पनि गरिन्छ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
नेपाल
7th ANNIVERSARY

# फ्रेमसहितको समवेदना-पत्र नल्याइदिन पोखरेल परिवारको अपिल

**बिर्तामोड, पुस १७।** आफ्ना पिताको निधनपछि दशगात्र कर्ममा बसेका कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलसहित उनका परिवारले समवेदना व्यक्त गर्न आउँदा श्रद्धाञ्जलि तथा समवेदना पत्र नल्याइदिन सबैमा अपिल गरेका छन् ।

हिन्दू संस्कार अनुसार १३ दिनसम्म मृत्यु संस्कार कर्ममा शोकमा बसेकाहरुलाई भेट्न जाँदा फ्रेमसहितको समवेदना तथा श्रद्धाञ्जलि पत्र लिएर जाने चलन बढेको छ । पछिल्लो समय यो कार्यमा प्रतिस्पर्धा नै भएको देखिन्छ । तर, पोखरेल परिवारले भने श्रद्धाञ्जलि तथा समवेदना पत्र भरसक नल्याउन यदि ल्याउनै पर्ने भए फोटोकपी पेपर आकारमा लेमिनेशन पत्र मात्र ल्याउन पनि अपिल गरेको छ । कनकाईका प्रमुख राजेन्द्रकुमार तथा निर्माण, दिनेश, फाल्गुणीसहितका पिता गणेशप्रसादको ८६ बर्षको उमेरमा बुधवारसाँझ निधन भएको थियो ।

कनकाई-१ दुर्गापुरस्थित निवासमा अहिले दशगात्र कर्म भइरहेको छ । पोखरेल तत्कालीन सुरुङ्गा गाउँ पञ्चायतको ४ कार्यकालसम्म प्रधानपञ्च भई गाउँवासीको सेवा गरेका थिए । उनी समाजसेवी धार्मिक तथा दानवीरका रुपमा समेत परिचित थिए । मृत्यु संस्कार फ्रेमसहितको श्रद्धाञ्जलि तथा समवेदना पत्रले एकातिर खर्च बढाउने अर्कोतर्फ जुन परिवारमा दिइन्छ त्यो परिवारमा उक्त फ्रेमहरु व्यवस्थापनमा समस्या उत्पन्न हुने समेत देखिँदै आएको छ । यसअघि बिर्तामोडका समाजसेवी राजकुमार पोखरेलले आफ्नी आमाको निधनपछि पनि यस्तै अपिल गरेका थिए । समवेदना व्यक्त गर्न आउनेश शुभचिन्तकहरुका लागि यसले सहजता प्रदान गर्ने बताइन्छ ।

# अब भद्रपुरमै आइटी सेवा तथा प्रशिक्षण

**भद्रपुर, पुस १७।** झापाको भद्रपुरमा पहिलो पटक इन्फरमेसन टेक्नोलोजी (आइटी) सम्बन्धी सेवा तथा प्रशिक्षण दिने कार्यालयको स्थापना गरिएको छ ।

अंग्रेजी नयाँ वर्ष २०२१ तथा राष्ट्रिय टोपी दिवसको अवसरमा भद्रपुर-५ बजारस्थित कामेश्वर कम्प्लेक्सभित्र स्थापना गरिएको सजिलो खोज कार्यालयको शुक्रवार एक कार्यक्रमकाबीच उद्घाटन गरिएको हो ।

स्थानीय युवा आकाश शर्मा र भद्रपुर-५ नम्बर वडाध्यक्ष बन्धु कार्कीको लगानीमा स्थापना गरिएको कार्यालयको प्रदेश सांसद ओमप्रकाश सरावगी, भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठ र उपमेयर चन्द्रामाया श्रेष्ठले संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।

नेपाल सूचना/प्रविधिमैत्री बन्दै गएपछि पछिल्लो समय आइटीमा रोजगारीको आकर्षण बढ्दै गएको छ । सफ्टवेयर, हार्डवेयर, नेटवर्किङलगायत व्यवसायिक क्षेत्रमा लाग्ने युवायुवतीलाई थप सहयोग र मद्दत पुग्ने उद्देश्यले भद्रपुरमै प्रशिक्षण तथा सेवाको शुरुवात गरिएको कार्यालयका प्रबन्ध निर्देशक आकाश शर्माले जानकारी दिए ।

कोभिड-१९ को महामारीपछि अहिले हामी सबै प्रविधिमैत्री सूचना लिनदिनेतर्फ आकर्षित हुन थालेका छौँ- प्रबन्ध निर्देशक शर्माले भने- इन्टरनेटको माध्यमबाट प्रविधिमैत्री सूचनामा त अघि बढ्यौं, तर हामी सुरक्षित छैनौं, हाम्रो ल्यापटप, कम्प्युटर र मोबाइलमा रहेका सबै जानकारी ह्याकरले सजिलै चोर्न सक्छन् ।' इन्टरनेट प्रयोगकर्ताले कसरी आफ्नो व्यक्तिगत वा संस्थागत विवरण सुरक्षित राख्न सक्छन्, त्यसलाई नै मध्यनजर गरी सेवाको शुरुवात गरेका हौँ- उनले भने । हामीले टेक्नोलोजीहरू विकास गर्ने प्रयास गरिरहेका छौँ- उनले भने- 'हामीलाई आवश्यक पर्ने सफ्टवेयर, वेवसाइट, एप्लिकेशन बनाउनुका साथै यसलाई कसरी ह्याकरबाट बचाउन सकिन्छ, त्यसको काम पनि गर्छौं ।'

सजिलो खोज कम्पनीको स्थापना सन् २०१९मा काठमाडौँ र त्यसपछि दाङमा कार्यालय खोलेर शुरुवात गरेको बताउँदै उनले भने- आफू जन्मेको स्थानमा केही गरौं भनेर नै यहाँ पनि कार्यालय स्थापना गरेका हौं ।

साथै व्याचलर अफ इन्फरमेसन टेक्नोलोजी, बिएससिटिआई, कम्प्युटर इञ्जिनियरिङ, हार्डवेयर तथा सफ्टवेयर पढेका युवाले नेपालमा सजिलै रोजगारी पाउँछन् । तर, यहाँबाट पढेर गएका युवायुवतीले विदेशमा त्यसलाई उपयोग गर्न सक्दैनन् । किनभने, विदेशमा यहाँ पढेका भन्दा उच्चस्तरीय कम्प्युटर कोर्ष र टेक्नोलोजी प्रयोग गरिन्छ, त्यसैले विदेशमै मान्यता दिने खालको शिक्षा यहाँबाटै दिइरहेको उनले बताए ।

कार्यक्रमका प्रमुख अतिथि प्रदेश सांसद सरावगीले भने- अहिले इन्टरनेटको जमाना हो, त्यसैले प्रविधिमैत्री सूचनामा हामी सबै सुरक्षित भएर उपयोग गर्नुपर्छ ।' त्यस्तै नगरपालिका मेयर श्रेष्ठले भने- अब प्रविधिलाई सूचनासँग जोडेर अघि बढ्नुपर्छ ।

# सामाजिक अभियन्ता गिरी तुर्सा हेमरम प्रतिष्ठानमा

**बिर्तामोड, पुस १७।** लोकतान्त्रिक आन्दोलनका अगुवा आदिवासी नेता स्व. तुर्सा हेमरमको स्मृतिमा स्थापित तुर्सा हेमरम स्मृति प्रतिष्ठानको सदस्यमा सामाजिक अभियन्ता महेन्द्रकुमार गिरी चयन भएका छन् ।

प्रतिष्ठानका अध्यक्ष गोपालकुमार बस्नेतले गिरीलाई शुक्रवार प्रतिष्ठानको आमन्त्रित सदस्यमा चयन गरिएको पत्र हस्तान्तरण गरे । दलको सीमित घेरा र बैचारिक धरातलभन्दामाथि उठेर सामाजिक संस्था रहनुपर्छ भन्ने आदर्शलाई आत्मसात गरी प्रतिष्ठानलाई सबैको साझा बनाउनका लागि सामाजिक अभियन्ताहरुलाई प्रतिष्ठानमा आवद्ध गराइएको अध्यक्ष बस्नेतले बताएका छन् । धेरै वटा सामाजिक कामको अगुवाइ गरेका गिरीलाई वीरता जेसीजको अगुवाईमा एक सय २५ संघ-संस्थाले २०७४ सालमा उत्कृष्ट नागरिकको सम्मान समेत प्रदान गरेका थिए ।

कनकाई-१मा तीन कट्ठा जग्गामा तुर्साको शालिकसहित आदिवासी सन्थाल समुदायको सांस्कृतिक पहिचान झल्कने संग्रहालय निर्माण गर्ने गरी काम अघि बढाइएको प्रतिष्ठानका सचिव कुमारमणि पोखरेलले जानकारी दिए । करिब सवा करोडको लागतमा पहिलो तला निर्माण हुने र एक महिनाभित्र छत ढलाई भइसक्ने सचिव पोखरेलले बताए । कनकाई नगरपालिकाको कार्यालय छेऊमै उक्त प्रतिष्ठानको भवन निर्माण भइरहेको छ । प्रतिष्ठानले सन्थाल समुदायका बालबालिकाको शिक्षा तथा उनका अभिभावकको आर्थिक सशक्तिकरणमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको बताइएको छ ।

## वेसहारा ...

ठुलो विपत्ति आइलाग्यो । श्रीमानको मृत्यु भएको एक वर्ष बित्न नपाउँदै चन्द्रकला पनि दोश्रो विवाह गरेर गइन् ।

दिदी भएको नाताले भाइबहिनीलाई हुर्काउने जिम्मा ११ वर्षीया रोजीनालाई आइलाग्यो । जसोतसो जीवन चल्दै थियो । अचानक फेरि ठूलो बज्रपात भयो । धान कुटाउन मिलमा गएको बेला पछि लागेर गएको भाइ मौसमको मिलमा स्वेटर अल्झिएर दुर्घटनामा परे, ज्यान त जसोतसो बच्यो तर उनमा शारीरिक अपाङ्गता भयो ।

भाइलाई बचाउन कति खर्च गरियो पत्तो छैन । भाइ ज्युँदो लाश जस्तै छ, औषधि लगायत सबै कुरा हामी दिदी बहिनीले सहयोग गर्नुपर्छ भाइ आफै केही गर्न सक्दैन । राई परिवारको बालबालिकाको यस्तो अवस्था देखेर लायन्स क्लव अफ केर्खाले घर बनाइदिन शुरु गरेको छ । हामीले विभिन्न सामाजिक काम गर्दै थियौं, त्यही वेलामा मौसमको यस्तो अवस्था देखेर क्लवको तर्फबाट करिव ५ लाख रुपैयाँ खर्च गरेर घर बनाउन लागेको लायन्स क्लव अफ केर्खाका अध्यक्ष लायन अग्निप्रसाद कोइरालाले बताए ।

हाम्रो अवस्था बुझेर क्लवले घर बनाइ दिएको छ, हामी वेसहारा बनेका थियौं, हाम्र लागि क्लव सहारा बनेर आएको छ, हामी आभारी छौं- पिडीतकी दिदी रोजिनाले भनिन् । क्लवले चार कोठाको घर निर्माण कार्य शुरु गरेको छ । एकहप्तामा घर निर्माणकार्य सम्पन्न गरी सम्बन्धित व्यक्तिलाई बुझाइने क्लवले जनाएको छ ।

## फेमिनाको ...

खुलेको छ । दैलेखमा अहिले ३ वटा ठगीबिरुद्ध उजुरी परेका छन् । विभिन्न संस्थाको नाममा पीडितलाई सामग्री दिने भन्दै उधारोमा सामान किनेर रकम नदिएको आरोपमा उजुरी परेका छन् ।

'जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दर्ता भएको जानकारी आएको छ । अन्यतिर पनि ठगी भएको भए जानकारी आउँला'- डिएसपी चन्दले भने । विदेश पठाइदिने भन्दै उनले दुई युवकसँग कन्ट्याक गरेर पैसा असुलेको प्रहरी अनुसन्धानमा खुलेको छ । एक जनासँग १० लाख र अर्को युवकसँग २५ लाख रुपैयाँसम्म कन्ट्याक भएको देखिएको छ । फेसबुकमा फेमिना चापागाँई नामको आइडी बनाएर पनि उनले ठगी गर्ने गरेकी थिइन् । उनले आफूलाई 'हाइ क्लास' मानिस भएको प्रमाणित गर्न रातो पासपोर्टदेखि विभिन्न भीआइपी व्यक्तिसँग बसेको फोटोसमेत हाल्ने गरेकी छिन् । पूर्वराजा ज्ञानेन्द्र शाह, कलाकार राजेश हमाल, राप्रपा अध्यक्ष कमल थापादेखि विभिन्न व्यक्तिसँग खिचिएको तस्वीर उनको फेसबुकमा भेटिन्छ ।

# डिलाइटको पुनः उद्घाटन

**चारपाने, पुस १७।** झापाको कनकाई नगरपालिका-३ सुरुंगामा होटल डिलाईटको पुनः उद्घाटन गरिएको छ । शुक्रबार अंग्रेजी नयाँ बर्षको अवसर पारेर विघटित प्रतिनिधिसभा सदस्य एलपी साँवाले होटलको उद्घाटन गरेका हुन् ।

२०७० सालमा तत्कालीन अवस्थालाई मध्यनजर गरेर सुरुङ्गामै ठूलो होटलको रुपमा सञ्चालनमा ल्याइएको होटल डिलाइटलाई समय सापेक्ष, अझ सुविधायुक्त र सेवाहरु थप गरेर पुनः सञ्चालनमा ल्याइएको होटल सञ्चालक खेम ओलीले बताए । उनले भने होटलसँगै बेकरी, क्याफे र व्याङ्क्वेट हल पनि शुरु गरिएको छ, होटलमा १८ वटा सुविधासम्पन्न ८ सयदेखि ५ हजार रुपैयाँसम्मका शयन कक्ष, ३५ जनाभन्दा धेरै बस्न सक्ने एसी मिटिङ हल, दुई वटा भिआईपी क्याविन, फूलएसी रेष्टुरेन्ट, स्पेशल बार, फराकिलो पार्किङस्थल लगायत मौलिक तथा आधुनिक बस्तुद्वारा साजसज्जा गर्दा हालसम्ममा लगभग १२ करोड लगानी भइसकेको अस्पतालले जनाएको छ ।

उद्घाटन कार्यक्रममा प्रदेश सांसद हिरा थापा, कनकाई नगर उपप्रमुख मञ्जु प्रसाई, वडा नम्बर ३का अध्यक्ष रुद्र चिमरिया, होटल व्यवसायी संघ झापाका महासचिव शिव पौडेल लगायतले थपसुविधा र उच्च व्यवस्थापनमा डिलाइट होटल सञ्चालनमा आउँदा झापाको पर्यटन क्षेत्रमा टेवा पुग्ने धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन भीम भट्टराईले गरेका थिए ।

# विद्यालयको ५७ वार्षिकोत्सवसहित संस्थापकको स्मृति दिवस मनाइयो

**झापा, पुस १७।** जिल्लाकै पुरानो विद्यालयको रुपमा परिचित डिल्लीराज माध्यमिक विद्यालय झापाले विद्यालयका संस्थापक डिल्लीराज गणेशको ३१औं स्मति दिवस तथा ५७ वार्षिकउत्सव सम्पन्न गरेको छ ।

दाता परिवारका जेठा छोरा तथा विद्यालय व्यवस्थापन समितिका पूव अध्यक्ष गणितप्रसाद गणेशको अध्यक्षता तथा झापा गाउँपालिका अध्यक्ष जयनारायण साहको प्रमुख आतिथ्यमा विद्यालयले संस्थापकको स्मृति दिवस तथा वार्षिकोत्सव शुक्रवार सम्पन्न गरेको हो ।

२०२० सालमा स्थापना भएको विद्यालयले यस अघि सो ठाउँमा छात्रावासको व्यवस्थासहित शिक्षा प्रदान गर्दै आएको थियो । तर, झापामा विद्यालय खुल्नेक्रम बढेसँगै सो विद्यालयमा सञ्चालन गरिएको छात्रावास अहिले बन्द छ । यस अघि जिल्लाका विभिन्न ठाउँका विद्यार्थीहरु सोही विद्यालयमा अध्ययनका लागि छात्रावासमा वसेर अध्ययन गर्दै आएका थिए ।

तत्कालीन पधानपञ्च समेत रहेका डिल्लीराज गणेशले राजा महेन्द्र गौरीगञ्ज भ्रमणमा आएको समयमा विद्यालय सञ्चालन गर्न सुझाव दिएपछि १० विगाह जमिन विद्यालयलाई प्रदान गर्दै विद्यालयले स्थापना गरेका थिए । सो क्रममा उनले विद्यालय परिसरमा नै छात्राहरुका लागि २०२८ सालमा मेर्धाना मेमिन छात्रावास सञ्चालन गरेका थिए ।

शिक्षाको श्रीवद्धिमा योगदान दिँदै उनले सो समयमा ८० हजार रुपैयाँ खर्च गर्दै ९ कोठे भवन समेत निर्माण गरिएको विद्यालयका संस्थापका जेठाछोरा गणितप्रसादले जानकारी दिए । सो विद्यालय अहिले गाउँपालिकाकै नमूना विद्यालयको रुपमा तयार हुँदै गएको छ । नमूना विद्यालय निर्माणका लाग संघीय सरकारबाट एक करोड रुपैयाँ बजेट विनियोजन भएपछि विद्यालयले शैक्षिकसहित भौतिक संरचना समेत निर्माण गरिरहेको बालकृष्ण न्यौपानेले जानकारी दिए ।

विद्यालयको ५७औं वार्षिक उत्सव समारोहमा सहभागीले विद्यालयले पछिल्लोसमय उल्लेख्य प्रगति गरेको बताएका छन् । विद्यालयको स्वरुप नै परिवतन भएको भन्दै त्यस क्षेत्रका अभिभावकले समेत प्रशंसा गरेका छन् । विद्यालयका संस्थापक गणेशको अर्धकदको शालिकमा माल्यार्पण गर्दै शुरु भएको कार्यक्रममा प्रधानाध्यापक वीरेन्द्रप्रसाद गुप्ताले शैक्षिक गतिविधिसहित भौतिक संरचना निर्माणका विषयमा जानकारी गराएका थिए ।

विद्यालयमा अहिले सुविधासम्पन्न सभाहलसहित प्रधानाध्यापक कक्ष निर्माण, जिन्सी, परीक्षा तथा तथ्याङ्क शाखा र लेखा शाखाको व्यवस्थापन, आइसीटी तथा विज्ञान प्रयोगशाला व्यवस्थापन, पूर्णकालीन प्रअ निवासको व्यवस्थापन, शिक्षक स्टाफ कक्षको व्यवस्थापन, प्रत्येक कक्षा कोठामा सूचना पार्टीको व्यवस्थापन, चार वटा कक्षा कोठामा प्रविधियुक्त उपकरण, स्मार्ट बोर्ड, प्रोजेक्टर आदि जडान गरिएको, सुरक्षा गार्डको व्यस्थापन, खेलमैदान व्यवस्थापन, विद्यालयहरुमा विभिन्न उपसमितिहरु बनाई कार्यविभाजनको जिम्मेवारी, वर्गशिक्षक संयोजक व्यवस्थापन, वाल क्लव, टिन्स क्लव, स्काउट, विद्यालयको मैदानमा भेपर लाइटसहित प्रकाशको व्यवस्था, कोभिड १९ को पूर्व तयारीका साथ दुई सिफ्टमा कक्षा सञ्चालन, नयाँ मोडलको अंग्रेजी कक्षा सञ्चालन, गणित, विज्ञान, कम्प्युटर साइन्स, अंग्रेजी माध्यमिक र अरु नेपालीमा नै अध्ययन गर्ने व्यवस्था मिलाइएको र विभिन्न विषयगत समूह तयार गरिएको प्रअ गुप्ताले बताए ।

सहायक प्रधानाध्यापक गोपीकृष्ण पराजुलीले स्वागत गरेको कार्यक्रममा विद्यालयले नमूना आठ कोठे शैक्षिक भवन, दोस्रो निर्माण कार्य, विद्यालय हाताको उत्तर पश्चिमको पक्की वाल निर्माण, फूलवारी, पुस्तकालय तथा प्राथमिक उपचार शाखा, शुद्ध खानेपानीको विद्यालयमा नै व्यवस्थापन गरिएको जानकारी गराइएको छ ।

भावी कार्यक्रमका लागि अघि सारेका योजनाहरुमा व्यवस्थित विज्ञान प्रयोगशालाको स्थापना, भैतिक, रासायनिक, जैविक, विद्यालयको चारैतर्फ पक्की वाल निर्माण, सवै कक्षा कोठामा व्यवस्थित फर्निचरको व्यवस्थापन, कक्षा ६देखि १२ सम्मका कक्षा कोठामा स्मार्ट बोर्ड तथा प्रोजेक्टर जडान, शिक्षकलाई ल्यापटपको व्यवस्थापन, शिक्षकका लागि प्रविधिमय तालिमको व्यवस्थापन, सरोकारवालाहरुसंग आवश्यक अन्तरक्रिया, व्यवस्थित वालमैत्री तथा लैङ्गिक शौचालयको व्यवस्थापन, पूर्वशिक्षक कर्मचारी सम्मान, पूर्व विद्यार्थी सम्मान, आमा समूह (वडा र टोलमा समूहगत घरधुरी), सेवा क्षेत्र विद्यालयका प्रअ, विव्यस अध्यक्ष र पीटीए संयोजक सहितको समति निर्माण गर्ने रहेका छन् ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष साह, शिक्षा शाखा प्रमुख जीवनप्रसाद ढकाल, नेपाल शिक्षक महासंघ जिल्ला सचिव तोयानाथ दाहाल, नेपाल शिक्षक संघ झापा अध्यक्ष नेत्रप्रसाद खरेल, शिक्षक महासंघ झापा गाउँपालिका अध्यक्ष जगन्नाथ राजवंशी, निर्वतमान प्रधानाध्यापक भगदेव राजवंशी, पूर्व प्रधानाध्यापक सुन्दरलाल गणेश, सल्लाहकार समिति पूर्व संयोजक लक्ष्मी उप्रेती, व्यवस्थापन समितिका पूर्वअध्यक्ष अनिता केशी, अभिभावकशिक्षक संघका पूर्वअध्यक्ष केशव श्रेष्ठ, रामजानकी आधारभूत विद्यालयका प्रअ उमाराम रिजाल, श्रोतव्यक्ति खड्गप्रसाद खरेल, झापा गाउँपालिका-१का वडा अध्यक्ष राजकुमार यादव, अभिभावक कलाम शेख, विद्यार्थी कोपिला खड्का, शिक्षक सुन्दरलाल गणेश लगायतले बोलेका थिए ।

कार्यक्रमको सञ्चालन शिक्षक देवेन्द्रचन्द्र सिंह राजवंशी, पशुपतिलाल गणेश, लोचनकुमार यादव तथा गोविन्दप्रसाद राजवंशीले संयुक्त रुपमा गरेका थिए । शिक्षक दरवन्दी, प्राविधिक शिक्षाको उन्नयन, विद्यालयको स्रोतको रुपमा रहेको जग्गाको उच्चतम् सदुपयोग, शैक्षिक उपलब्धी वृद्धिको लागि गुणस्तर शिक्षा प्रदानमा जोड दिइएको थियो ।

## समस्या ...

गरेको उनको आरोप थियो । उनले आफ्नो पार्टीले शान्तिपूर्ण रुपमा आन्दोलन गर्ने भन्दै अन्य दलहरुसँग सहकार्य गर्दै प्रतिनिधिसभा पुनर्स्थापनामा लाग्ने धारणा व्यक्त गरिन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीकी सहसचिव रञ्जु प्याकुरेलले प्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रपति विद्यादेवी भण्डारी मिलेर संसद विघटन गरेको आरोप लगाइन् । उनले राजसंस्थासहित संवैधानिक राजतन्त्र र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था हुनुपर्ने बताइन् । उनले भनिन्- 'यो सिष्टम नै गलत छ, हामी व्यवस्था परिवर्तन गर्दै राजसंस्था स्थापनाका लागि लागेका छौं ।' उनले प्रधानमन्त्री केपी शर्मा ओलीले संकटकाल लगाएर भए पनि यो सरकार पाँच वर्ष सञ्चालन गर्ने बताइन् । छलफलको सहजीकरण अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए ।

## ८३ परिवारलाई ...

क्लवका अध्यक्ष मनोज बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लायन्स क्वलका डिस्ट्रिक मेनेजर लीला चिमरियाले स्वागत गर्दै यस बर्ष चार सयभन्दा बढी परिवारलाई सहयोग गर्ने लक्ष्य रहेको जानकारी दिए । उनले सहारा नेपाल र संस्थाकै सहयोगमा उनीहरुलाई न्यायो कपडा सहयोग गर्ने गरेको बताए । कनकाई नगरपालिकास्थित कोटीहोमको वृद्धाश्रामका १७ जनालाई र २१ जना बटुकलाई समेत न्यायो कपडा वितरण गरिने उनले जानकारी दिए ।

## पाउ पाथीभरा उत्तरगंगा पर्यटन तथा प्रबर्द्धन समिति

चारआली, झापाको

## साधारणसभा सम्बन्धी सूचना

**यस पाउ पाथीभरा उत्तर गंगा पर्यटन तथा प्रबर्द्धन समिति, चारआलीको सातौं साधारणसभा निम्न मिति, समय र स्थानमा आयोजना गरिएको हुदा उपस्थितिका लागि सम्पूर्ण आजीवन र संस्थापक सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछौं ।**

**मितिः** २०७७ साल माघ १० गते शनिबार
**समयः** दिनको ठीक ११ बजे
**स्थानः** पाउ पाथीभरा मन्दिर परिसर, चारआली, झापा

**सचिव**
**पाउ पाथीभरा उत्तरगंगा पर्यटन तथा प्रबर्द्धन समिति**

हार्दिक बधाई

स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि.को प्रथम एकीकरण भेला तथा १३औं बार्षिक साधारणसभाबाट अध्यक्षमा **श्री केशव बस्नेत**, उपाध्यक्षमा **कमल थापामगर**, सचिवमा **मनोज भट्टराई**, कोषाध्यक्ष **पूजा खनाल**, त्यसैगरी सदस्यहरुमा **टीकाराम सिटौला, सुशीला विमली, कमला आचार्य उप्रेती, जागीरमान राई, घनश्याम नेपाल, कौशिकलाल परियार(भोला), गोपाल प्रसाईं, कल्पना कार्की, पर्शुराम मगर, कृष्णप्रसाद देवकोटा, सुरेन्द्र बुढाथोकी**, साथै लेखा सुपरिवेक्षक समितिको संयोजकमा **विष्णुप्रसाद आचार्य**, सदस्यहरुमा **हरिप्रसाद फुयाल र तुलसीप्रसाद भण्डारी** चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरु सम्पूर्ण निर्वाचित कार्यसमितिको कार्यकाल सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**प्रो. चन्द्रप्रसाद अधिकारी**
**सागर सर्जिकल एण्ड ल्याब्रोसी कर्न्सन**
पुरानो भद्रपुर रोड, झापा (९८४२७११४५५, ९८१४९६२१११)

वितरक चाहियो

**लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोडका केही भाग र लक्ष्मीपुरबाट दुर्गापुर-चम्पापुर सिमसारका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।**
**नोटः साइकल भएको २ जना, पाँच/पाँच हजार सेलरी ।**
**मोटरसाइकल भए १ जना मात्र दश हजार सेलरी ।**
**सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००**

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
☎ 023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

**यात्रा संस्मरण**

# आज-भोलिका आन्तरिक हवाईयात्रा

**भुवन तामाङ**

कोभिड-१९ को जोखिमले गर्दा हरेक यात्रुले लामो दूरीको यात्राका लागि सडक यात्रा गर्ने कि हवाई यात्रा ? भनेर सोच्ने गर्दछन् र सुरक्षित लागेको साधनमा यात्रा गर्दछन् । यो पंक्तिकार गत हप्ता जरुरी कामले काठमाडौं जानुपर्ने भयो । यात्रा गर्नु अघिल्लो दिन बिर्तामोड पश्चिम बस स्ट्याण्ड गएर बिहान ५ बजेदेखि साढे ६ बजेसम्म स्वास्थ्य सुरक्षा सतर्कताबारे अवलोकन गऱ्यो ।

कोभिड-१९ बाट बच्न अपनाउनुपर्ने स्वास्थ्य सावधानी कतिको भरपर्दो किसिमले गरिएको छ ? यो कुरा हरेक सवारीसाधन चालक, सहचालक र यात्रुहरुको लागि महत्वको विषय हो । हतारले होस या बिर्सिएर प्रायः सवारी चालक, सहचालक र यात्रुहरुले राम्ररी मास्क लगाइएको पाइएन । जाडो मौसममा दिनभरजसो झ्याल बन्द रहने सवारीसाधनमा यस्तो भएपछि कोभिड-१९ बाट कत्तिको सुरक्षित रहिएला त ? कोही यात्रु खोक्ने या हाच्छिउँ गर्ने रहेछन् भने त स्वास्थ्य जोखिम यसै पनि हुने नै भै गयो । यात्रु संख्या भने केही कम भएकाले भौतिक दूरी चाहिँ तै बरु कायम हुने देखियो, तर बाटामा यात्रु टिप्ने सम्भावना पनि त्यतिकै देखियो ।

बाटोमा चिया, नास्ता, खाना खाने होटलमा एकैपटक धेरै गाडीका यात्रुहरु एकत्रित हुँदा र सीमित शौचालय प्रयोग गर्दा पनि स्वास्थ्य सुरक्षा कतिको होला ? विश्वस्त हुन सकिएन । विशेषतः मास्क नै राम्रोसँग प्रयोग नगरेको पाइयो । स्यानिटाइजर त सडक यात्रामा सायदै सम्भव होला । सवारीसाधनहरुका धनी, संघ-संगठन, स्थानीय निकाय या सरकारी प्रतिनिधि या कुनै स्वयम्सेवी संस्थाहरुले स्वास्थ्य सचेतना गरेका पनि पाइएन । उमेरले पाको हुँदै गएकाहरुलाई कोभिड-१९ को जोखिम अत्यधिक हुने भन्ने सुनेकाले र आर्थिक हैसियतभन्दा जीवन ठूलो भन्ने चेतनाले पंक्तिकारले काठमाडौं जान र आउन हवाईयात्रा नै रोज्यो ।

भद्रपुर हवाई अड्डा भवन प्रवेश गर्नु अगावै बाहिरै कोभिड-१९ फारम भरियो तर फारममा लेख्न सजिलोका लागि पर्याप्त टेबल राखिएका थिएनन् । भवनभित्र पसेपछि स्वास्थ्य सुरक्षा कायम राख्न सकिने अवस्था देखियो । यात्रुहरु पनि अनुशासित देखिए । स्वास्थ्य सचेतना उद्घोषण भएको पाइयो । स्यानिटाइजर पनि राखिएको पाइयो । तर, एकैपटक दुई-तीन एयरलाइन्स्को उडान हुने भयो भने चाहिँ स्थानाभावका कारण भौतिक दूरी कायम गर्न उति सम्भव हुने देखिएन । बोर्डिङ पास लिएर सुरक्षा जाँचपछि प्रस्थान कक्षमा पनि स्वास्थ्य सुरक्षा कायम राख्न सम्भव नै देखियो । फराकिलो कक्ष, सफा शौचालयको व्यवस्था भएको पाइयो तर कक्षमा हावा नवीकरण हुने देखिएन । कोही कोही यात्रुले मास्क राम्ररी लगाएका पाइएन । यात्रुहरु आफू पहिला जहाजमा पुग्न हतार गर्दा प्रस्थान ढोकामा भौतिक दूरी राखिएको पाइएन ।

यात्रु ओराल्न, चढाउन हवाईजहाजको एउटा मात्र ढोका खोलेको पाइयो । यदि अगाडि र पछाडिका समेत ढोका खोलिए हावा नवीकरण हुने थियो । कतिपय विमानमा हरेक पाँच मिनेटमा अटोमेटिकरुपमा हावा नवीकरण हुने सुनिए पनि सबै विमानमा त्यो सुविधा छैनन् होला । अनि उडानैपिच्छे हजाईजहाजका क्याबिन स्यानिटाइजेशन गरिने पनि होइन रहेछ । राम्ररी फेससिल्ड र मास्क लगाएर यात्रुहरु अनुशासित ढंगले चुपचाप आ-आफ्नो सिटमा बसेका पाइयो । कोभिड-१९ बाट जोखिन मास्क नखोल्ने उद्देश्यका लागि विमानमा यात्रुहरुलाई चक्लेट बाँड्ने, बदाम, चिप्स लगायत स्न्याक्स्, पेयपदार्थ खान पाउने र अखबार पढ्न पाउने सेवा बन्द गरिएको पाइयो । यतिसम्म कि बिमानको शौचालय समेत प्रयोग नगर्न अनुरोध गरियो ।

त्यसकारण, आजभोलिको हवाईयात्रा खल्लो, निरश र उदासीले भरिएको हुँदोरहेछ, तर बढीमा एक घण्टाभित्र गन्तव्यमा पुगिने भएकाले कोरोनाबाट जोखिने धेरै सम्भावना रहने देखियो । तर, कतिपय यात्रुहरु जहाजको सिटमा मजाले निदाएर मास्क खुल्लै राखेको पाइयो । कसैले खोक्ने र हाँच्छिउँ चाहिँ गरेनन् । हवाईजहाजबाट उत्रेपछि लगेज कलेक्सन गर्ने ठाउँसम्म पुग्न बसमा एकअर्का टाँसिएरै बस्नु या उभिनुपर्ने भयो । भौतिक दूरी दुरुह भयो । देशैभरका उडानबाट आएका लगेज कलेक्सन गर्ने एकै ठाउँ भएकाले यात्रुहरु ठेलमठेल गर्न बाध्य हुने रहेछन् । यहाँ पनि भौतिक दूरी धज्जी नै उड्ने रहेछ । अब यहाँबाट बाहिर गएपछिको अवस्था जगजाहेरै छ । सबैजना स्वतन्त्र ।

काठमाडौंबाट झापा फर्कनका लागि जब त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल आन्तरिक टर्मिनलको बोर्डिङ पास लिने हल (काउन्टरमा)मा पुगियो त्यहाँको दृष्य देखेर छक्कै परियो । 'आम्मम के साह्रो भिड हौ ।' मुखबाट अनायास यस्तै आवाज निस्कियो । भौतिक दूरी कायम राख्न सकिने सम्भावना नै रहेन । स्यानिटाइजर पनि थिएनन् । कोडिभ-१९ फाराम भर्नेको ठेलमठेल उस्तै । हावा खेल्ने त कुरै भएन । जब सुरक्षा जाँचपछि प्रस्थान कक्षमा पुगियो, तब अवाक भइयो । त्यहाँ त खुट्टा टेक्ने ठाउँ थिएन यात्रुहरुका भिडले । हलमा उभिने यात्रुहरु पनि खचाखच थिए । 'यो सिट खाली राखौं' लेखिएका सिटमा समेत यात्रुहरु बसेका थिए । हवाईयात्रुहरु आआफ्नै धुनमा मगनमस्त ।

कतिपयको मास्क चिउँडोमा अडिएका थिए भने कतिपयका नाकमुनि । मास्क खोलेर मस्तले चिया, नास्ता लिनेहरु पनि उत्तिकै देखिए । हलमा हावा नवीकरण हुने प्रणाली थिएन । देशभरका हवाई गन्तव्यमा जाने यात्रुहरु जम्मा हुने त्यो एउटै प्रस्थान कक्षमा टम्माटम्म्मी यात्रुहरु भरिएको देखेपछि पंक्तिकारको सातो उड्यो । 'ला कोरोना सल्क्यो होला अब चाहिँ' भनेर । हवाई टर्मिनल भवनमा स्वास्थ्य सचेतना उद्घोषण समेत गरिएका थिएनन् । हवाईजहाजसम्म जान बसमा पनि भौतिक दूरी कायम राख्न सकिने अवस्था देखिएन, तर यो पंक्तिकारले लाटो बुद्धि लाएर भएपनि घरबाट निस्केदेखि पुनः घरमा नपुञ्जेलसम्म नयाँ-नयाँ मास्कले आफ्नो नाक-मुख चाहिँ टम्म ढाकेको ढाक्यै गरिरह्यो ।

काठमाडौंबाट फर्केको हप्ता दिन नाघिसक्यो । पंक्तिकारमा कोरोना भाइरस सम्बन्धी कुनै पनि लक्षण देखा परेको छैन, तर त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको आन्तरिक टर्मिनल भवनको यात्रुहरुको खचाखच भिड सम्झेर चाहिँ अझै पनि सातो जाला जस्तो हुन्छ । केही दिनअघि हवाईयात्रा सम्बन्धी नयाँ निर्देशिका जारी भएको छ, तर निर्देशिका त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको आन्तरिक टर्मिनल भवनभित्र हुने अत्यधिक भिडप्रति मौन छ । जहाँ कोभिड-१९ बाट बच्न भौतिक दूरी राख्ने नियम तोडिएको पाइएको छ । कोभिड-१९ को जोखिम निम्त्याउने कारकमध्ये सो आन्तरिक टर्मिनल भवनको साँघुरो अवस्था पनि एक त होइन ? सम्बन्धित निकायले भविष्यलाई समेत ख्याल गर्दै तुरुन्तै टर्मिनल भवन ठूलो बनाउनका लागि कदम चाल्नुपर्ने देखिन्छ ।

---

**कविता**

## छानो प्वाल हुँदा

भोको मादल बज्छ लौ सडकमा खाएर ताली अति
सारङ्गी जति रेटिए पनि यहाँ मान्दैन झर्को कति
चर्को घाम ललाटमा छ दिउँसो, राति उदाङ्गै भयो
छानो प्वाल हुँदा अहो कुमुदको लौ आँशु वर्षा भयो ।

यी दौरा-सुरूवाल कोट पटुका ढाका र टोपी फुटे
चौबन्दी फरिया र लोकपन लौ आएर सारा लुटे
छेपारो कसरी बदल्छ तन लौ नाचेर नाङ्गै भयो
छानो प्वाल हुँदा अहो कुमुदको लौ आँशु वर्षा भयो ॥

माटो बन्जर झैं छ आज पसिना पऱ्यो अरूकै भर
खोला ताल सबै पलायन भए रित्तो बनाए घर
बारीका पनि कोपिला कति चुँडे कुल्चेर आयो गयो
छानो प्वाल हुँदा अहो कुमुदको लौ आँशु वर्षा भयो ।

रङ्गीन फूल बनेर आँगनभरि नाँच्दैन कोही पनि
मीठो इत्र बनेर शब्द मनमा छर्दैन कोही पनि
घाती झैं दुनियाँ भयो प्रकृति यो हेमन्त आयो गयो
छानो प्वाल हुँदा अहो कुमुदको लौ आँशु वर्षा भयो ॥

अग्ला वृक्ष यहाँ अनेक करले आरा लगाए कति
त्यो छाति तनमा विचार कसको पोल्दैछ लौ भत्भती
आगोको कति रापमा जन पुगे त्यो अङ्गभङ्गै भयो
छानो प्वाल हुँदा अहो कुमुदको लौ आँशु वर्षा भयो ।।।

**– प्रकाशमणि खनाल**
**हल्दिबारी–१ गोलधाप**

## गजल

मलाइ अमिर हैन हजुर वीर चाहिन्छ
तर त्यो पाउन पनित तक्दिर चाहिन्छ ।

सिधा रूख काटिए झैं मान्छे सोझो हेपिन्छ नै
त्यसैले आपतबिपत भैपरिमा जंजिर चाहिन्छ

ठूला-ठूला नै भइरहुन मतलब लिन्न अब कसैको
यहाँ सास अडिन हेर्नुस् खोक्रो शरीर चाहिन्छ

सब आफ्नै धुनमा, दुःख-पीडा कसलाई सुनाउ
मनको बह फोख्न यहाँ मन्दिर चाहिन्छ

नयन हेरि मनलाइ बुझ्ने मान्छे मनपर्छ भन्छु
आमा भन्छिन् जे भए पनि ज्वाइँको जागिर चाहिन्छ ।

**– सञ्जु निरौला**
**दमक, झापा**

---

**पुस्तक समिक्षा**

# 'अतीत र वर्तमान' नियाल्दा

**तुलसीराम खरेल**

झापाली लेखकहरुको बीच राम आचार्य नौलो नाम होइन । पूर्वोत्तर झापाको भूगोल, परिवेश, रहन-सहन, शिक्षा तथा समाज रुपान्तरणसँगै आफ्नो भोगाइलाई निर्धक्क पस्कन सफल देखिएका छन् आचार्य । उनको पछिल्लो कृति 'अतित र वर्तमान' एउटा आत्मकथन हो । यसमा उनको जिवनको साङ्गो पाङ्गो पाटो त देखिने नै भयो । यसको साथै समाजका विविध अवयवहरुको अवस्थाको राम्रो चित्र उतारिएको समेत छ पुस्तकमा । उनको पुस्तकमा शनिश्चरे बजारमा घ्यूका टिन बोकेर हिँड्दै गरेका पर्वतेहरुको लस्कर देखिन्छ ।

राजगढदेखिका सुर्ती बोकेका पंक्तिबद्ध बयलगाडीहरु शनिश्चरे बजार पुगेको भेटिन्छ । पहाडबाट जाउलो खान पाउने आशमा पोका पन्तरा बोकेर मधेस बसाई सर्ने पहाडी हरुको लहरभित्र केटाकेटीहरुको चित्कार सुनिन्छ । अन्धविश्वास र अशिक्षाले भत्भत् पोलेका तराई पहाडका बस्ती देखिन्छ । धामी-झाँक्रीले ठटाएका थालका ट्याङ-ट्याङ आवाज सुनिन्छ । दाउनी गर्दाको बरादोहो गीत, संगिनी, बालन गीत र विवाहमा सिलोकेहरुको प्रतिस्पर्धाको मज्जाले स्वाद पाइन्छ । बुधवारेको सन्ठि कलेजको कथासँगै अनेकौं शिक्षासेवीका नाम र काम छुटेको कतै देखिन्न । पुस्तकमा पञ्चायती व्यवस्थाका मतियारहरुको दबदबा पढ्न पाइन्छ भने समाजसेवीको दुःख-कष्ट र समर्पण भाव समेत अनुभव गर्न मिल्छ । समकालीन ग्रामीण परिवेसका ठेट नेपाली शब्दहरुको प्रसङ्ग बुझ्न सहयोग पुग्छ ।

आफ्नै कथाभित्र धेरै अल्मलिएका लेखकले आफू पक्षघातमा परेको घटनाको ब्याख्या गर्दा पाठकको हृदय यति बिघ्न दुख्छ होला भन्ने नसोचेको बुझिन्छ । 'विस्मृतिको क्षण' भन्ने शिर्षकको विवरणमा पाठकहरु एकोहोरिन्छन् र रुन पुग्छन् । ओछ्यान परेको आफ्नो सन्तानको इन्तु न चिन्तुको अवस्था हुँदा तीनका मातापिताको मनोदशा मज्जाले अनुभव गरेका लेखकले मातापितालाई राम्रै न्याय गरेका छन् ।

आफ्ना गुरु र प्रभाव पार्ने व्यक्तित्वको गुणगान गाउन भ्याएका लेखक बिद्यालय शिक्षक नारायण शर्मा भट्टराई तथा मेची क्याम्पसका तत्कालीन क्याम्पस प्रमुख घनश्याम खनालको मुक्त कण्ठले प्रशंसा गर्न चुकेका छैनन् । लेखकको पुस्तक पूर्वोत्तर झापाभित्रै घुमेको छ । मोरङ र दार्जिलिङसम्मका घटना विवरणहरु कतै-कतै फेला पार्न सकिन्छ । यस आधारमा पुस्तकले आञ्चलिक र क्षेत्रीय घेरा तोड्न नसकेको प्रतित हुन्छ ।

संस्मरणात्मक लेखहरुमा डुब्दै जाँदा बालबालिकाहरुमा देखिने संवेगात्मक पक्ष राम्ररी बुझ्न पाइन्छ । मानिस मोडिन सक्ने प्रेरक घुम्तीहरु कसरी तयार हुँदारहेछन् भन्ने कुराको साक्षी लेखक स्वयम् हुँदै गर्दा साहित्य, सहकारी र समाजसेवारुपी त्रिशक्तिका संगमको रुपमा लेखक उदाएको बुझ्न गाह्रो हुन्न । बैशाखीको परिकल्पना शिर्षकको लेखमा लेखक भन्छन्- 'सहकारी क्षेत्रमा सफलता हात पर्दै गयो र झापा जिल्लामै सफल सहकारी सञ्चालकको रुपमा स्थापित हुने श्रेय यही तीनपाङ्ग्रे स्कुटर र तिनै बाँसले बनेका बैशाखीले दिलाएका हुन ।' यसको आधारमा बैशाखीको भरमा जीवनयापन गरिरहेकाहरुको आत्मसम्मानमा ठेस पुऱ्याउनेहरुको ताँतीमा उनीहरु माथिको रीस र इर्ष्याभन्दा निर्जिव बैशाखी प्रतिको अनुग्रह बलवानरुपमा उपस्थित हुने कुरा लुकाउन मिल्दैन् ।



मित्र भोजराज दाहाल मार्फत यो पंक्तिकारको हातसम्म आइपुगेको, ११३ पृष्ठ संख्या रहेको पुस्तक बि. सं. २०७७ मा छापिएको संस्मरणात्मक लेखहरुको मञ्जरी हो । शारीरिकरुपमा पक्षघात भएर पनि फरक तथा उच्च बौद्धिक क्षमताका धनी लेखकको पुस्तकका प्रकाशक युवराज आचार्य र सिसिरा आचार्य रहेका छन् । पुस्तकको भाषा सम्पादन बालकृष्ण दाहालले गरेका छन् । मूल्य नेपाली रु. दुई सय कायम गरिएको पुस्तक ओसन अफसेट प्रिन्टर्स बिर्तामोडबाट मुद्रण गरिएको छ ।

भूमिकामा डा. नारायण गड्तौला र तारा विविधले कलम घुमाएका छन् । अतितभित्रको सेरोफेरो, विस्मृतिको क्षण, तातोपानीको यात्रा, भगवान निस्के रे, सण्ठी स्कूलदेखि हाइस्कूलसम्म, बैशाखीको परिकल्पना, खाने मुखलाई जुँगाले छेक्दैन्, मैले मानेका गुरु, म्यान्छे, आत्म सन्तुष्टिकै लागि लेख्दैछु, बुवा, आमा र म जस्ता जम्मा ११ वटा संस्मरणात्मक लेखहरु रहेको पुस्तक आकारको हिसावले भने मध्यम छ ।

*tulasikharel2015@gmail.com*

---

# कला-संस्कृतिको संरक्षण गर्दै गौतम

*पानी परी घाम लाग्यो बनपाखा घमाइलो,*
*हाँसी खेली ए ! नि रिमै जिन्दगी रमाइलो*

रेडियो नेपालद्वारा पूर्वेली लोकगीतहरु संकलन गर्ने क्रममा लोकगायक देवीप्रसाद गौतमले धरानमा गाएको उक्त गीत २०४८ सालमा रेडियो नेपालमा रेकर्ड भयो । यो गीतले बालबालिकादेखि वृद्धसम्मको मन जित्न सफल भएको थियो ।

पूर्व क्षेत्रमा लोकगायकका नामले परिचित गौतम अहिले पुरानो कला-संस्कृति, इतिहास, साहित्य र परम्परा बचाउ अभियानमा लागीपरेका छन् । उनी इलामबाट छायांकन भएको इन्द्रेणी कार्यक्रम मार्फत चर्चित गायिका कल्पना दाहालसँग २६ वर्षपछि लोकदोहोरी गाएर पुनः चर्चित बनेका छन् । देउमाई नगरपालिकाको धुसेनिमा स्व.तीलचन र आमा मनमायाको कोखबाट कान्छो पुत्रका रूपमा २०११ साल पुसमा जन्मिएका उनी इलाम नगरपालिका-४, मंगलबारेका स्थायी बासिन्दा हुन् ।

मध्यम वर्गीय किसान परिवारमा जन्मिएका उनी हरेक परिस्थितिका बाबजुद जीवनमा संघर्ष गर्दै निरन्तर कला-संस्कृतिको जगेडा तर्फ लम्किरहेका छन् । शिक्षण पेशा, सामाजिक कार्यसँगै लोक संस्कृतिको क्षेत्रमा लोकदोहोरी गायकका नामले समेत उनी परिचित छन् । लोक-संस्कृति बचाउनुपर्छ भन्ने अभियानमा लागेका गौतम आफूले जानेको सीप, कला र ज्ञान आफ्ना अनुजहरुलाई पस्कने जमर्कोमा ग्रामीण बस्तिका युवाहरू र पुराना बुढापाकाहरुको घरदैलोमा घुम्न थालेका छन् ।

२०३५ साल साउन १९ गतेदेखि शिक्षण पेशामा आवद्ध भएर करिब ३४ वर्षसम्मको लामो सेवापछि पेशाबाट अवकाश भएका उनले जीतपुर माध्यमिक विद्यालयबाट शिक्षण पेशामा प्रवेश गरे । चिसोपानी माध्यमिक विद्यालय बाँझोका प्रधानाध्यापक, भानुभक्त उच्च माध्यमिक विद्यालय मंगलबारेका शिक्षक तथा प्रधानाध्यापक, प्राथमिक शिक्षा परियोजना लागू भएको बेला इलाम जिल्लाको पहिलो श्रोत व्यक्ति, मंगलबारे बहुमुखी क्याम्पसका संस्थापन क्याम्पस प्रमुख हुँदै निवर्तमान नेपाल रेडक्रस सोसाइटी इलाम शाखाका सभापति समेत भएका उनले सोसाइटीको दुई कार्यकाल सभापतिको कार्यभार सम्हाले ।

२०४२ सालदेखि रेडियो नेपालको लोकगीत सम्मेलनमा भाग लिँदै २०४५ सालमा रेडियो नेपालबाट स्वर परीक्षा पास गरेपछि गीत रेकर्ड शुरु गरे । 'जाँउ है चेली', 'लेक बेंसीका सुसेली' एल्वम तयार गरेका उनले 'पर्खी बसेछु नि' र 'रुँदै बसेछु जस्ता एल्वममा पनि साथ दिएका छन् । दर्जनौं गीत रेकर्ड गरिसकेका गौतमले इतिहास र नेपाली लोकसाहित्यमा स्नातकोत्तर अध्ययन पुरा गरेका छन् । उनी ज्ञानपुञ्ज सिर्जनशील प्रतिष्ठान, इलामका सदस्य साथै इलाम साहित्य संस्कृति कला प्रतिष्ठानका अध्यक्ष समेत छन् ।

उनले ज्येष्ठ नागरिक विशेष कार्यक्रम र लोक सुसेली गरी दुईवटा कार्यक्रम नेपाल बाणी एफएम, इलामबाट सञ्चालन गर्दै आएका छन् । ख्याति प्राप्त गायिका कोमल ओलीसँग समेत गीत गाएका गौतम २०४९/०५० सालमा लोकदोहोरी सम्मेलनमा उत्कृष्ट पुरस्कारद्वारा सम्मानित भएका थिए । त्यसपछि आफ्नो कार्य व्यस्तताका कारण संगीतमा कम समय दिन थाले ।

२०५४ सालमा पूर्वेली संस्कृतिको नेतृत्व गर्दै सांस्कृतिक संस्थानमा धाननाच (केलाङ्ग नाच) र बालन नाचको टोली लिएर काठमाडौं जाँदा उक्त टोली उत्कृष्ट बन्न पुग्यो । त्यसबेला उनको योगदानलाई सर्वत्र कदर गरियो । हरेक जातिका संस्कृति र परम्पराको जानकार रहेका लोकगायक गौतमले मगर जातिको हुर्रा, राइको साकेला सेली, लिम्बू जातिको (केलाङ, पालाम र धाननाच), बाहुन-क्षत्रीको बालन र सङ्गिनी, तामाङको डम्फुसेलो लगायतमा उत्तिकै रुची राख्छन् ।

शिक्षण पेशाबाट अवकाश लिएपछि समाजिक कार्य र कला-संस्कृतिको रक्षा गर्नुपर्छ भन्ने भावनासहित सीप हस्तान्तरणको पहलमा सक्रिय छन् उनी । कोरोनाले बन्दाबन्दी भएको समयमा घरमै बसेर पनि आफ्नो फेसबुक पेजबाट संगीतको माध्यमबाट लाखौं दर्शक श्रोतलाई मनोरञ्जन दिलाए । शिक्षण पेशामा समकालीन गौतमका सहयात्री जयनारायण भट्टराई पनि पेशाबाट अवकाशपछि सोही अभियानको साथमा छन् । कविता तथा गीत सृजनामा निरन्तर लाग्दै साहित्य क्षेत्रमा कलम चलाइरहेका उनी साहित्य प्रतिष्ठान इलामका सचिव छन् । प्रतिष्ठानले हरेक क्षेत्रमा कला साहित्य र संस्कृति सम्बन्धी प्रशिक्षण गर्दै आएको सचिव भट्टराईले जानकारी दिए ।

**प्रस्तुति : युद्धबहादुर बोहोरा**

# विवेकाश्रमको अध्यक्षमा गौतम



**बिर्तामोड, पुस १७।** बिर्तामोड-२ स्थित विवेकाश्रम चारपानेको अध्यक्षमा व्यासाचार्य किशोरकुमार गौतम निर्वाचित भएका छन्। बिहीबार सम्पन्न साधारणसभाले व्यासाचार्य गौतमको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति गठन गरेको हो।

साधारणसभाले आश्रमको उपाध्यक्षमा विष्णुभक्त भण्डारी, महासचिवमा छन्दुराम भण्डारी, सचिव दामोदर न्यौपाने र कोषाध्यक्षमा जगन्नाथ भण्डारीलाई चयन गरेको छ। त्यस्तै सदस्यहरुमा पूर्णानन्द तिम्सिना, जगन्नाथ खनाल, भानुभक्त अधिकारी, डिल्लीराम सिटौला, उर्मिला पोखरेल, रमा घिमिरे, नारद पौडेल, रामप्रसाद ओझा, दिननाथ सिग्देल र गंगा खरेल रहेका छन्।

व्यासाचार्य गौतमको अध्यक्षतामा भएको साधारणसभाको बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटीले पानसमा द्वीप प्रज्ज्वलन गरी उद्घाटन गरेका थिए।

साङ्गवेद संस्कृत माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आचार्य छन्दुराम भण्डारीले स्वागत गरेको कार्यक्रममा पण्डित नन्दीकेशर तिम्सिना, हरिप्रसाद ओझा, छविलाल खतिवडा, कृष्णप्रसाद ओली लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। सोही साधारणसभाले विवेकाश्रम स्थापनाको स्वर्ण जयन्ती आगामी माघमा आयोजना गर्ने निर्णय गरेको छ। कार्यक्रमको सञ्चालन भरत भट्टराईले गरेका थिए।

# मतदाता नामावली अद्यावधिक हुँदै

**झापा, पुस १७।** प्रतिनिधि सभाको आगामी निर्वाचनका लागि अन्तिम मतदाता नामावली तयार गर्न आगामी माघ १५ देखि २१ गतेसम्म सबै स्थानीय तहको केन्द्रमा मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन हुँदैछ।

निर्वाचन आयोगका अनुसार निर्वाचनका लागि अन्तिम मतदाता नामावली तयार गर्ने सन्दर्भमा यही पुस ५ गते १८ वर्ष उमेर पुग्ने व्यक्तिको मतदाता नामावली अद्यावधिक गरिने छ। आगामी वैशाख १७ गते पहिलो र २७ गते दोस्रो चरणमा गर्ने गरी प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति घोषणा भइसकेको छ।

मतदाता नामावली ऐन, २०७३ अनुसार निर्वाचनको मिति घोषणा भइसकेपछि निर्वाचनको प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गरिने नगरिने व्यवस्थानुरुप पुस ६ गतेदेखि मतदाता नामावली दर्ता स्थगन गरिएको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए।

मतदाता नामावलीमा नाम दर्ता भई पुस ५ गतेसम्म १८ वर्ष उमेर पूरा भएको व्यक्तिमात्र आगामी निर्वाचनमा मतदाता हुन सक्नेछन्। आयोगले उक्त कार्यक्रम सञ्चालनको अवधिभित्र सम्बन्धित स्थानीय तहको केन्द्रमा गई मतदाता नामावलीमा समावेश भएको आफ्नो विवरणमा रहेको त्रुटी सच्याउन निवेदन दिन तथा मृत्यु भएका वा बसाइँ सरी गएका वा दोहोरो नाम रहेका मतदाताको नाम हटाउनका लागि सूचना दिन सबैमा अनुरोध गरेको छ।

झुटो विवरण दिई कसैले मतदाता नामावलीमा नाम समावेश गरेको भए सोकोविरुद्ध उजुरी दिन पनि आयोगले सम्पूर्ण मतदातासँग अनुरोध गरेको छ।

# समस्या पहिचान सम्बन्धी अन्तरक्रिया

**शन्तिनगर, पुस १७।** मानव अधिकार समूह बुद्धशान्तिको आयोजना तथा अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) प्रदेश कार्यालय विराटनगरको सहयोगमा 'समस्या पहिचान तथा सरोकारवालाको पहिचान र कार्ययोजना निर्माण' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

स्थानीय समुदायलाई सचेत बनाउँदै जिम्मेवार निकायलाई जवाफदेही बनाउन सो कार्यक्रमको आयोजना गरिएको हो। कार्यक्रममा सहभागीहरुले शिक्षा, स्वास्थ्य, खाद्य र आवासमा देखिएका समस्या समाधानमा सम्बन्धित निकायले ध्यान दिन जोड दिए। उनीहरुले शिक्षा, स्वास्थ्य, खाद्य र आवास क्षेत्रका समस्या राखेका थिए। अविभावकमा अंग्रेजी शिक्षाको मोहका कारण निजी विद्यालयमा छोराछोरीहरु भर्ना गर्नेको भीड बढेको बताउँदै उनीहरुले सामुदायिक विद्यालयको भौतिक गुणस्तरसँगै शिक्षण पद्धती सुधार गर्न सके सामुदायिक विद्यालयप्रति अविभावकको ध्यान जाने बताए।

शिक्षाको गुणस्तरसँगै अपाङ्गमैत्री विद्यालय र शौचालय बनाउनुका साथै दृष्टिविहीनहरुले पढ्न सक्ने पाठ्य/पुस्तक उपलब्ध हुनुपर्नेमा जोड दिए। यसका साथै विज्ञान प्रयोगशाला र अतिरिक्त क्रियाकलापमा जोड दिन सके विद्यार्थीहरु अब्बल हुने उनीहरुको भनाई छ। यसका साथै सामुदायिक विद्यालयमा दरबन्दीको अभावका कारण पनि पठन-पाठन प्रभावित हुने सरोकारवालाहरुले बताए।

कार्यक्रममा ज्येष्ठ नागरिक, रोगी, गरिब तथा अतिविपन्न वर्गका समुदायका मानिसहरुलाई निःशुल्क स्वास्थ्य विमा गरिदिनुपर्ने बताउँदै उनीहरुले स्वास्थ्यमा ठूलै समस्या आए मोटो रकम खर्च गरेर ठूला अस्पताल धाउनुपर्ने र रकम नभए उपचार विना मर्नुपर्ने बाध्यताबाट जोगाउन सम्बन्धित निकायको ध्यानाकर्षण समेत गराए। 'गाउँ-गाउँमा सिंह दरवार' भन्ने सरकारको भनाई स्थानीय तहका जनताले महशुस गर्न नसकेको उनीहरुको गुनासो छ।

त्यस्तै कार्यक्रममा जनताले गुणस्तरयुक्त खाना खान पाइरहेका छन् या छैनन् भन्ने विषयमा कुनै मापन गर्ने निकाय नभएको बताउँदै उनीहरुले रसायनिक विषादी र मलखादको उच्च प्रयोगले रोगको जोखिम बढेकोमा जोड दिए। बुद्धशान्ति गाउँपालिकाभित्रका अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न उनीहरुले अनुरोध गरे। गाउँपालिकाभित्र करिब छ हजारभन्दा बढीको अव्यवस्थित बसोबास छ। उनीहरुलाई व्यवस्थित गराउन गाउँपालिकाले महत्वपूर्ण कदम चाल्नुपर्ने उनीहरुको जोड छ।

मानव अधिकार समूह बुद्धशान्तिका अध्यक्ष देवकुमारी सेर्माको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मीरा भुर्तेलको प्रमुख आतिथ्य रहेको थियो। गाउँपालिका उपाध्यक्ष भुर्तेलले यस्ता कार्यक्रमले उठाएको विषयबस्तुले गाउँपालिकाको काम/कार्वाहीमा सहयोग पुग्ने बताइन्। उनले यस्ता कार्यक्रम आयोजना गरी छलफलको माध्यमबाट समृद्ध बुद्धशान्ति गाउँपालिका बनाउन सहज हुने बताइन्। शिक्षा, स्वास्थ्य, खाद्य र आवासमा उठेका समस्याहरुका बारेमा समूहले कार्ययोजना बनाई गाउँपालिकाको ध्यानाकर्षण गर्ने कार्यक्रमका सहजकर्ता राजन साम्पाङ्ग राईले जनाए।

कार्यक्रममा बुद्धशान्ति उद्योग वाणिज्य संघका अध्यक्ष रुद्र चापागाई, शान्ति अपाङ्ग संघ बुद्धशान्तिका अध्यक्ष सावित्रा ढुंगेल, बुधवारे जेसीजका अध्यक्ष तथा पत्रकार अनिल वाग्ले, एकता युवा मञ्च तथा हडियाचुली सामुदायिक बन समूहका अध्यक्ष अमर सेर्मा, ज्येष्ठ नागरिक समूह बुद्धशान्ति-४ का अध्यक्ष ज्ञानबहादुर मगर, अनौपचारिक क्षेत्र सेवाकेन्द्र इन्सेक झापाका संयोजक नरेश खाती लगायतको सहभागिता रहेको थियो। कार्यक्रममा बुद्धशान्ति गाउँपालिकाभित्रका विभिन्न संघ-सस्थामा आवद्ध ३५ जना सरोकारवालाहरुको सहभागिता रहेको थियो। मानव अधिकार समूह बुद्धशान्ति र अर्जुनधाराका सहजकर्ता राजन राईले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए। देवीध्वज योञ्जनले स्वागत गरेको कार्यक्रमको सञ्चालन पत्रकार दीपेन लावतीले गरेका थिए।

# बिर्तामोडमा मिठो रेष्टुरेण्ट

**बिर्तामोड, पुस १७।** नयाँ वर्ष सन् २०२१ को अवसर पारेर झापाको बिर्तामोडमा 'मिठो रेष्टुरेण्ट एण्ड थकाली किचन' सञ्चालनमा ल्याइएको छ।

६० लाख रुपैयाँभन्दा बढी लगानी गरेर होटल व्यवसायी नेत्र न्यौपानेले बिर्तामोडको भद्रपुररोडमा 'मिठो रेष्टुरेण्ट एण्ड थकाली किचन' सञ्चालनमा ल्याएका हुन्। थकाली खानाका पारखीहरुलाई स्वादिष्ट, स्वास्थ्यवर्द्धक र अर्ग्यानिक परिकार खुवाउने मुख्य उद्देश्यले 'मिठो रेष्टुरेण्ट एण्ड थकाली किचन' सञ्चालनमा ल्याएको बताउँदै सञ्चालक न्यौपानेले ग्राहकको चाहना अनुसारको भेज तथा नन्भेज स्पेशल थकाली सेट, बिरीयानी र फ्राइराइस, मटन, चिकन, पोर्क सेकुवा, नेवारी खाजासेट, मटनसहितको खाना, तामाको अचार, गुन्द्रुक लगायत १०/१२ परिकारसहितको थकाली खाना खुवाइने जानकारी दिए।

थकाली खानाको वास्तविक स्वाद मिठो रेष्टुरेण्ट एण्ड थकाली किचनमा पाइने बताउँदै उनले एक सय २० जना ग्राहकलाई एकैसाथ सेवा प्रवाह गर्न सकिने जानकारी दिए। स्पेशल बर्थडे हल, एसी रेष्टुरेण्ट, स्पेशल तथा नर्मल क्याबिन रहेको 'मिठो रेष्टुरेण्ट एण्ड थकाली किचन' मा साँझ ७ बजेदेखि ९ बजेसम्म एकल गजल लगायतका कार्यक्रम हुने सञ्चालक न्यौपानेले बताए।

यसैबीच उक्त थकाली किचनको शुक्रबार एक कार्यक्रमकाबीच उद्घाटन गरिएको छ। बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, बिर्तामोड-४ का वडाध्यक्ष कुलप्रसाद संग्रौला लगायतले थकाली किचनको उद्घाटन गरेका थिए। कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष भट्टराई, सदस्य सञ्जिव घिमिरे, बिर्तामोड-४ का वडाध्यक्ष संग्रौला, पत्रकार महासंघ झापाका सहसचिव केशव भट्टराईले व्यवसायिक सफलताको शुभकामना दिएका थिए।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।

सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

घडेरी बिक्रीमा

झापाको बिर्तामोडबाट ३.८ कि.मी. को दूरीमा लक्ष्मीपुरबाट उत्तर पान्डापुरका घडेरीहरु उचित मूल्यमा बिक्रीमा छ।

मो. ९८४१३२८७९८, ९८१८९४०३१३/९८४२७५६१००

आवश्यकता

इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.
गार्ड संख्या : ५० (महिला/पुरुष)
नोटः १ नं. प्रदेशभरिको लागि
अन्नपूर्ण चोक बिर्तामोड
फोन : ०२३-५४५७८२
९८०६०६१७००, ९८४४६८६९७०

जग्गा बिक्रीमा

अर्जुनधारा-८ कदमगाछी नजिक ३२ फुट मुख भएको १० धुर जग्गा बिक्रीमा छ।

मो. ९८०७९१०२२२

टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

मो. ९८१५९५२४९९/९८४१३२१४६४

छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट
लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाई सम्झनुहोस
७ वार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
शुतिथिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'

सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

विशेषज्ञ डाक्टरहरूको सेवा

डा. सविन मानन्धर
MBBS (KU) MD (NAMS)
बरिष्ठ बालरोग विशेषज्ञ (दैनिक सेवा)

डा. सरोज कुमार यादव
MBBS, MS
जनरल सर्जन युरोलोजी (दैनिक सेवा)

डा. राजीव कोइराला
MBBS, MD
जनरल फिजिसियन, दैनिक सेवा

डा. प्रमोद कुमार शाह
MBBS, MD (TU)
कन्सलटेन्ट फिजिसियन ) दैनिक सेवाः ८-१० बजे)

यहाँ अन्य सेवाहरुः डिजिटल X-Ray, होलोग्रामसहितको मेडिकल, अत्याधुनिक प्रविधिबाट प्याथोलोजी ल्याब सेवा, होलबडी चेकअप, फार्मेसी सेवा

बुढासुब्बा मेडिकल सेन्टर प्रा.लि.
शनिश्चरे रोड, पाथीभरा टोल नं. ४ रोड, बिर्तामोड, झापा (०२३-५४१६६२)

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

UAE मा PSBD Guard हरुलाई रोजगार
securiguard Middle East
कम्पनी: Securiguard Middle East Llc, Abu Dhabi

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 291 | 0 | [illegible] | 2000 | ६३,२०० | कानून अनुसार | ८ घण्टा | ६ दिन | कानून अनुसार | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ।

Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 भन्दा माथि कमाउन सकिनेछ।

फाईनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट बिर्तामोडमा २०७७ पुस १९ र २० होटल होलिडे र खुकुरी होटल इटहरीमा पुस २१ र २२ गते हुनेछ।

सन लाईट ह्युमन रिर्सोस प्रा. लि.
Lic No. 689/063/064
सामाखुसी-०३, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं,
फोन: ४३८४८३२, ४३८४८३३, फ्याक्स : ४३८४१८९,
मो.: ९८०३०९१५४०, ९८१४१४३६२३, ९८१०५६१११९, ९८०४१५६१२१, ९८१३४१६५१२

पाथीभरा सिने प्लाजा बिर्तामोड
अब पुस १० गतेबाट खुल्ला

नेपाली कथानक चलचित्र
सेन्टी भाइरस
शुक्रवारबाट प्रदर्शनमा

पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** शुभचिन्तक समेत प्रतिपक्षीको प्रभावमा आउन सक्छन्। सहयोगको तत्परता देखाउनेहरू पछि हट्ने छन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** सोचेको समयमा काम नबन्न सक्छ। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा ध्यान पुर्याउनुहोला। उपलब्धिका लागि केही समय प्रतिक्षा गर्नुपर्ला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** गोप्य सूचना बाहिरिनाले समस्या पर्न सक्छ। सानातिना काम र घरेलु समस्यामा अल्झनुपर्ला। अर्थ अभावले पनि सताउन सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** सामान्य काममा धन र श्रम खर्चनुपर्ला। विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने हुन सक्छ। कामको चाप बढ्नेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** शरीरमा समेत कमजोरी अनुभूति हुनेछ। अधुरा काममा पहिलेकै समस्या दोहोरिन सक्छन्। स्वास्थ्य(उपचारमा खर्च बढ्नेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्नेछ। परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ। केही अप्ठ्यारा परिस्थिति आउनाले सोचेको लाभ नमिल्न सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आफन्तसँग असमझदारी बढ्न सक्छ। निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। यात्राका क्रममा वादविवाद भए पनि उद्देश्य पूरा नहुन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। इर्ष्या गर्नेहरूलाई पनि मेहनतको पाठ सिकाउन सकिनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। हिम्मत गर्दा जटिल काम समेत सजिलै सम्पादन हुन सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** प्रतिस्पर्धीहरूको मनोबल कमजोर हुनेछ। पहिले दुश्मनी गर्नेहरूले समेत मित्रताका हात अघि बढाउलान्।